**कोरोना भाइरस सम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके । ०७७ वैशाख १३ गते**
भारतीय क्वारेण्टाइनमा रहेका नेपाली र नेपाली क्वारेण्टाइनमा रहेका भारतीयहरूलाई आ -आफ्नो देश फर्काउने क्रम सुरू भएको छ । नवलपरासी पश्चिम जिल्लाको रामग्राम नपा-१७ र १८ मा राहत वितरणमा विवाद भएपछि स्थानीयले एक जना प्रहरी माथि आक्रमण गरेका छन् । भने वडा कार्यालयमा ताला लगाएका थिए । विवाद साम्य भएपछि राहत वितरण कार्य सम्पन्न भएको थियो ।

**इन्सेक नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुली**का अनुसार रामग्राम नगरपालिका अन्तर्गतका केही वडामा राहत वितरणको क्रममा विवाद भएको छ । रामग्राम नपा- १७ देवगाउँमा केही स्थानीयले राहत वितरण समानुपातिक नभएको भन्दै विरोध गरेपछि विवाद भएको हो । विवाद पछि प्रहरी परिचालन गरिएको र प्रहरीले स्थानीयलाई भिड नगर्न आग्रह गर्दै गरेको अवस्थामा असई चामबहादुर ओलीलाई क्रिकेट व्याटले प्रहार गर्दा सई ओलीको टाउकोमा चोट लागेको जिल्ला प्रहरी कार्यालयका डिएसपी विरेन्द्र थापाले बताउनु भयो । प्रहरीले स्थानीइ चार जनालाई गिरफ्तार गरेको जनाएको छ ।
रामग्राम नपा- १७ का वडाध्यक्ष जितबहादुर गोसाँईका अनुसार विवादका कारण केही समय राहत वितरण रोकिएपनि हाल २ सय विपन्न तथा गरिब परिवारलाई राहत वितरण गरिएको छ ।
यसैगरी रामग्राम नपा-१८ , बञ्जरीयामा राहत वितरणका क्रममा विवाद आएपछि स्थानीयले वडा कार्यालय घेराबन्दी गरेका छन् ।

**इन्सेक प्यूठान जिल्ला प्रतिनिधि रविन्द्र पाण्डे**का अनुसार ऐरावती गाउएपालिकाले राहत विरण गरेको छ । जिल्लाका अन्य स्थानीय तहले दोस्रो चरणको राहत वितरण गरिसक्दा ऐरावती गाँउपालिकाले भने पहिलो चरणको राहत वितरण गरेको हो । स्थानीय तहको राहत वितरण मापदण्ड बमोजिम गाउँपालिकाका ४ सय ४१ घर परिवारलाई वितरण गरेको गाँउपालिकाले जनाएको छ ।
जिल्लामा काठमाण्डौबाट विभिन्न दलका नेताहरूले लकडाउनका कारण रोकिएका र अलपत्र परेका प्यूठानका नागरिकहरूलाई गाडी रिर्जव गरी जिल्ला पठाउन थालेका छन् । वैशाख १३ गते मात्र जिल्लामा काठमाण्डौ बाट ४५समन्वय गरिएको सहायक प्रमुख जिल्ला अधिकारी गौरव पन्थीले जानकारी दिनुभयो ।
लक डाउनको समयमा कृर्षकले उत्पादन गरेको तरकारी बिक्री वितरणमा सहजताका लागि वैशाख १३ गतेदेखि तीन वटा कृर्षि एम्बुलेन्स सञ्चालन गरेको प्यूठान नपाका मेयर अर्जुनकुमार कक्षपतिले बताउनु भयो । यस कार्यबाट कृषकलाई फाईदा हुने मेयर कक्षपतिको भनाई रहेको छ ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार तुलसीपुर उपमनपा-१७ स्थित वनकट्टा प्राथमिक विद्यालयमा रहेको क्वारेण्टाइन न्यूनतम मापदण्ड समेत नरहेको क्वारेण्टाइनमा बसेकाहरूले गुनासो गरेका छन ।
वैशाख ६ र ९ गते देशका विभिन्न जिल्लाबाट गाउँमा आएका १९ जनालाई उक्त क्वारेण्टाइनमा राखिएको छ । उनीहरूले बस्ने, सुत्ने, खाने तथा सरसफाईका लागि र चर्पी समेत सिमित रहेको भन्दै गुनासो गरेका हुन् । ओढ्ने ओछ्याउने कपडा र पकाउने भाँडा घरबाट ल्याएको र क्वारेण्टाइनमा बस्ने, सुत्ने व्यवस्था नभएको बताएका छन् । सुत्नका लागि बेञ्चको प्रयोग गरिएको छ । भने खाना पकाउन १९ जनालाई एउटा ग्याँस चुलो दिइएको छ । त्यसमा सबैले पालैपालो गरेर खाना पकाउने

गरेका छन् । क्वारेण्टाइनमा लामखुट्टेबाट बच्न झुल र उज्यालोको समेत व्यवस्था नभएको क्वारेण्टाइनमा बस्ने व्यक्तिहरूले गुनासो गर्नु भयो । १९ जनाको लागि एउटै शौचालय प्रयोग गर्न दिइएको छ । भने शौचालयको सरसफाई फिनाइल समेत छैन ।
तुलसीपुर उपमनपा-१७ का अध्यक्ष थलबहादुर पुरीले विद्यालयमा उपलब्ध सेवा सुविधा अनुसार राम्रैसँग बसाएको दावी गर्नुभयो । क्वारेण्टाइन घर जस्तो नहुने बताउदै अध्यक्ष पुरीले सकेजति वडाले व्यवस्था गरेको बताउनु भयो । तुलसीपुर उपमनपा-१७ को क्वारेण्टाइन मात्रै होइन जिल्लाका २ सय ८८ बेडका क्वारेण्टाइनमा धेरैजसो मापदण्ड नपुगेका जिल्ला समन्वय समितिका प्रमुख जितेन्द्रमान नेपालीले बताउनु भयो । उहाँले अनुगमनकै क्रममा न्यूनतम मापदण्ड पुरा गर्न सुझाव दिएको त्यसको पालना भए नभएको बारे वैशाख १४ गतेदेखि पुनः अनुगमन गरिने बताउनु भयो ।
यसैगरी लकडाउनका कारण एक महिनादेखि अवरूद्ध भएको खोप कार्यक्रम तुलसीपुर उपमनपामा सुरू गरिएको जनस्वास्थ्य शाखाका निरीक्षक बिमल केसीले जानकारी दिनु भयो ।
प्रादेशिक अस्पताल, स्वास्थ्य केन्द्र लगायत विगतमा खोप दिइदै आएका ५० वटै केन्द्रमा वैशाख १० गतेदेखि १५ गतेसम्म सञ्चालन हुनेछ । उपमनपाभित्र खोप लगाउने बालबालिकाको सङ्ख्या ३ हजार ६ सय १० रहेको छ ।
जिल्लामा वैशाख १३ गतेसम्म ११ जना आइसोलेशनमा छन् । भने १ सय २७ जना क्वारेण्टाइनमा रहेका छन ।

**इन्सेक रोल्पा जिल्ला प्रतिनिधि हरिसरा घर्ती**का अनुसार स्थानीय तहको काममा एकरुपता ल्याउनका लागि प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालको अध्यक्षता १० वटा स्थानीय तहका जनप्रतिनिधि र अन्य सरोकारवाला निकायहरूबीच बसेको बैठकले विभिन्न निर्णय गरेको छ । काठमाण्डौ लगायत देशको अन्य जिल्लाबाट हाल सम्म जिल्ला भित्रिएका ३ हजार ८ सय ९ जनाको अनिवार्य रुपमा आरडीटी परिक्षण गर्नुपर्ने, खाद्यान्न अभाव हुन नदिनको लागि सामान ढुवानी गरि भण्डार राख्नु पर्ने, लकडाउनको अवस्थामा खाद्यान्न महङ्गो भएको जनगुनासोका बारेमा अनुगमन गर्ने, आरडीटी परीक्षणको लागि कीट उपलब्ध गराउन सङ्घीय सरकार र प्रदेश सरकारसँग पहल गर्ने निर्णय भएका छन् । प्रतिनिधि सभा सदस्य ओनसरी घर्तीका स्वकीय सचीव जीवन रोकामगरले थवाङ गाउँपालिका लाई १ हजार ५ थान माक्स उपलब्ध गराउनु भएको छ । सुनिल स्मृति गाउँपालिकाले जिल्ला बाहिर अलपत्र परेका आफ्ना नागरिकहरूलाई गाउँपालिका भित्र ल्याउन बसको व्यवस्था गरेको छ ।

**इन्सेक अर्घाखाँची जिल्ला प्रतिनिधि नारायण भुसाल**का अनुसार नेपाल भारत सिमा नाका सुनौलीमा २९ दिन देखि अलपत्र रहेका ४२ जनालाई प्रतिनिधि सभा सांसद, प्रदेश सांसद र मालारानी गाउँपालिका को पहलमा जिल्लामा ल्याइएको छ । उनीहरू सबैलाइ मालारानी र सन्धिखर्कको क्वारेण्टाइनमा राखिएको छ ।
पाणीनी गाउँपालिका एक जना क्रिया पुत्रीलाई गाउँपालिकाले सुनौली नाकाबाट उद्धार गरि उनकै घरमा क्रिया बस्ने व्यबस्था मिलाएको छ । वैशाख १३ गतेसम्म ८४ जना क्वारेण्टाइनमा रहेका छन् ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती आचार्य** का अनुसार वैशाख १३ गतेसम्म जिल्लामा ८ सय २ जनाको आरडीटी परीक्षण भई घर फर्किएका छन् । परीक्षणको सबैको रिपोर्ट नेगेटिभ देखिएको छ । हाल २ सय १२ जना क्वारेण्टानमा रहेका छन् ।

भारतको बढनीमा क्वारेण्टाइन रहेका ७० जना नेपाली मध्ये  ३५ जनालाई  वैशाख १३ गते नेपाल ल्याइएको प्रमुख जिल्ला अधिकारी दिर्घ नारायण पौडेलले बताउनु भयो ।
सर्मपण सहयोग समुहले जिल्लाका ४२ जना एचआईभी सङ्क्रमितहरूलाई  पोषिलो आहारा वितरण गरेको छ ।

**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसी**का अनुसार कोरोना भाइरस कारण भारत लगायतका तेस्रो मुलुकबाट फर्कने क्रममा लकडाउनकामा परी भारतको नौतुनहवा इन्टर कलेजको क्वारेण्टाइनमा रहेका १ सय १२ जना नेपालीहरू २५ दिन पछि वैशाख १२ गते र १३ गते नेपाल आएका छन् ।
क्वारेन्टाइनमा रहेका ३ सय ३५ नेपाली मध्ये पहिलो चरणमा वैशाख १२ गते १ सय जनालाई स्वास्थ्य परीक्षण गरी भारतबाट नेपाल भित्रयाइएको हो ।  प्रदेश नम्बर ५ का प्रदेश सभा सदस्य सन्तोष कुमार पाण्डेयले तीन चरणमा गरी उनीहरूलाई नेपाल भित्रयाइने बताउनु भयो ।
क्वारेण्टाइनबाट भित्रयाइएका सबैको सुनौली नाकामा आरडीटी परीक्षण गरी नेपाल प्रवेश गराइ रहेको जिल्ला स्वास्थ्य कार्यालयका   भेक्टर कन्ट्रोलर निरीक्षक केदारनाथ शाहले बताउनु भयो ।
रुपन्देहीका प्रमुख जिल्ला अधिकारी महादेव पन्थका अनुसार क्वारेन्टाइनमा रहेका सबैलाई एकैपटक ल्याएर परीक्षण गर्न कठिन हुने भएपछि तीन चरणमा नेपाल ल्याउन थालिएको बताउदै १४ दिन भन्दा कम क्वारेण्टाइनमा रहेका अन्य नेपालीहरूलाई भने अहिले नेपाल ल्याउन नसकिने बताउनु भयो ।
भारतमा रहेका नेपालीहरूलाई १४ दिन क्वारेण्टाइन पछि  नेपाल ल्याइने भनेपनि १४ दिनको अवधि कटिसक्दा नेपाल आउन नपाएपछि उनीहरू आक्रोशित भएका थिए ।
नेपाल ल्याउन सिमा नाकाका  जिल्ला प्रमुखहरू तथा प्रदेशसभा सदस्य सन्तोष कुमार पाण्डेयले समन्वय गर्नु भएको थियो । उनीहरू सबैलाई घर पठाइएको छ ।
यसैगरी लकडाउनको समयमा सीमा क्षेत्रमा अलपत्र रहेका १ सय ५२ जना भारतीयहरुलाई भैरहवास्थित प्रतिमा-नीमा स्मृति प्रतिष्ठानको क्वारेण्टाइनमा राखिएकोमा २५ दिनपछि वैशाख १३ गते भारत पठाइएको छ ।
भारतीय नागरिकको अवस्था बुझ्न महाराजगञ्जको नौतनवा विधान सभाका विधायक अमनमणि त्रिपाठी भैरहवा आउनु भएको थियो ।

**इन्सेक रुकुमपूर्व जिल्ला प्रतिनिधि जयमान बुढा मगर**का अनुसार वैशाख १२ गते पुथाउत्तरगङ्गा गाउँपालिकामा हाल सम्म होम क्वारेण्टाइनमा बसेका तीन जनाको आरडीटी विधिबाट परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । लकडाउन अघि  विभिन्न देश तथा जिल्ला बाहिरबाट आइ क्वारेण्टाइनमा बसेका र होम क्वारेण्टाइनमा गरी ४१ जनामा पहिलो चरणको आरडीटी परीक्षण गरिने  जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख यादव शर्मालेे बताउनु भयो ।
जिल्ला बाहिरबाट उद्धार गरी ल्याइएका  भूमे गाउँपालिकाका २२ जना क्वारेण्टाइन र २ सय ८३ जनालाई होम क्वारेण्टाइनमा राखिएको गाउँपालिकाको स्वास्थ्य शाखाका संयोजक उपेन्द्र यादवले जानकारी दिनुभयो ।
यसैगरी सिस्ने गाउँपालिकामा ३० जनालाई होम क्वारेण्टाइन र पुथाउत्तरगंगा गाउँपालिकामा २ सय २८ जनालाई गाउँपालिकाको व्यवस्थापनमा क्वारेण्टाइनमा राखिएको प्रमुख प्रशासकीय अधिकृत रवीन्द्र बुढाक्षेत्रीले बताउनु भयो ।
**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**